# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार ३ गते, २०८१ साल (संख्या १३

## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको

### सूचना

### <u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८१</u>

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ मा नियम ५क. र ५ख. थपः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६(यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ पछि देहायका ५क. र ५ख. थपिएका छन्ः-

"५क. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी योजना तथा कार्यक्रम तयार गरी कार्यकारी समितिसमक्ष पेश गर्ने,

(ख) विपद् व्यवस्थापनका लागि प्राप्त स्रोत, साधन, जनशक्ति, सहयोग तथा सहायता परिचालन गर्ने गराउने,

(ग) भौतिक संरचनाको निर्माण गर्दा विपद् प्रतिरोधी संरचना निर्माणका लागि आवश्यक समन्वय गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) आफूले सम्पादन गरेका काम कारबाहीको विवरण नियमित रूपमा मन्त्रालयलाई उपलब्ध गराउने,

**(ङ)** कार्यकारी समितिको निर्णयबमोजिम भूकम्प तथा अन्य विपद्बाट ठूलो सङ्ख्यामा क्षतिग्रस्त संरचनाहरूको प्रबलीकरण, पुनर्निर्माण वा पुर्स्थापना गर्न सङ्घीय निकाय, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(च) परिषद् वा कार्यकारी समितिले तोकेबमोजिमका कार्य गर्ने।

५ख. कार्यकारी प्रमुखको सुविधा: (१) कार्यकारी प्रमुखको पारिश्रमिक र सुविधा अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) कार्यकारी प्रमुखले देहाय बमोजिमको बिदा पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा

(ख) बिरामी बिदा

(ग) किरिया बिदा

(घ) प्रसुति बिदा

(३) कार्यकारी प्रमुखले प्रत्येक वर्ष छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कार्यकारी प्रमुख बिरामी परेको अवस्थामा प्रत्येक वर्ष छ दिन बिरामी बिदा लिन पाउनेछ।

(५) कार्यकारी प्रमुखको बाबु, आमा, पति, पत्नी, छोरा वा छोरीको मृत्यु भएमा वा निज आफैंले किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा लिन पाउनेछ।

(६) कार्यकारी प्रमुख सुत्केरी हुने भएमा सुत्केरीको अघिपछि गरी अन्ठानब्बे दिन प्रसुति बिदा लिन पाउनेछ ।

(७) उपनियम (२) बमोजिमको बिदाको अवधिमा पूरा तलब पाइनेछ र त्यस्तो बिदा अर्को वर्ष सञ्चित हुने छैन ।

(८) भैपरी आउने र पर्व बिदा कार्यकारी प्रमुख आफैंले स्वीकृत गरी लिन सक्नेछ र सो बाहेकका अन्य बिदा बस्नु परेमा मन्त्रालयको सचिवबाट स्वीकृत गराउनु पर्नेछ ।

(९) कार्यकारी प्रमुखले स्वदेश वा विदेशमा भ्रमणमा जानुपर्दा मन्त्रालयको सचिवबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।"

३. **<u>मूल नियमावलीको नियम १० मा संशोधनः</u>** मूल नियमावलीको उपनियम (३) पछि देहायको उपनियम (३क) र (३ख) थपिएको छः-

(३क) कोषमा रहने रकमको न्यूनतम सीमा कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुनेछ। यसरी निर्धारण गरिएको सीमाभन्दा कम रकम भएको अवस्थामा प्राधिकरणले मन्त्रालयमार्फत अर्थ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मन्त्रालयको सहमति लिई अपुग रकम नेपाल सरकारसमक्ष माग गर्न सक्नेछ।

(३ख) कार्यकारी समितिको निर्णयबमोजिम माग गरेको रकम कोषको अवस्था तथा माग गरिएको रकमको आवश्यकता र औचित्य समेतको आधारमा अर्थ मन्त्रालयले निकासा दिन सक्नेछ ।

४. **<u>मूल नियमावलीमा नियम १०क.,१०ख., १०ग. र १०घ. थप:</u>** मूल नियमावलीको नियम १० पछि देहायका नियम १०क.,१०ख.,१०ग. र १०घ. थपिएका छन्:-

"१०क. <u>कोषको रकम माग गर्न सक्ने:</u> (१) विपद् व्यवस्थापनसम्बन्धी कार्यको लागि ऐनको दफा २३ बमोजिमका प्रदेश विपद् व्यवस्थापन कोष, जिल्ला विपद् व्यवस्थापन कोष वा स्थानीय विपद् व्यवस्थापन कोषमा रहने गरी कोषबाट रकम माग गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषको लागि रकम माग गर्दा सम्बन्धित प्रदेश विपद् व्यवस्थापन परिषद्को निर्णयबमोजिम, जिल्ला विपद् व्यवस्थापन कोषको लागि रकम माग गर्दा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम तथा स्थानीय विपद् व्यवस्थापन कोषको लागि रकम माग गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम अनुसूची -२ बमोजिमको ढाँचामा माग गर्नु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम रकम माग भई आएमा कार्यकारी समितिको निर्णयको आधारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राधिकरणले सम्बन्धित कोषमा रकम उपलब्ध गराउन सक्नेछ ।यसरी रकम उपलब्ध गराउँदा प्रधिकरणले अनुसूची-३ बमोजिमको ढाँचामा फाराम तयार गरी स्वीकृत गरी राख्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम स्थानीय विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराउँदा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति मार्फत गराउनु पर्नेछ।

(५) उपनियम (३) वा (४) बमोजिम रकम उपलब्ध गराएको जानकारी प्राधिकरणले मन्त्रालयलाई गराउनु पर्नेछ।

१० ख. <u>अनुगमन गर्ने:</u> (१) कोषको रकम प्रयोग गरी सञ्चालित कार्यक्रम प्रभावकारी रूपमा लक्षित प्रगति प्राप्त हुनेगरी सञ्चालन भए नभएको सम्बन्धमा सम्बन्धित निकायले नियमित रूपमा अनुगमन गरी प्राधिकरणमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय तहमा सञ्चालन भएको कार्यक्रमको अनुगमन प्रमुख जिल्ला अधिकारीले समेत गरी सोको प्रतिवेदन प्राधिकरणमा पेश गर्नु पर्नेछ।

१०ग. <u>प्रतिवेदन पठाउने:</u> प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले आफ्नो क्षेत्रभित्रको सम्बन्धित विपद् व्यवस्थापन कोषको रकम प्रयोग भई सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्राधिकरणमा पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०घ. रकम स्थानान्तरणसम्बन्धी विशेष व्यवस्थाः मुलुकमा विभिन्न समयमा घटेका विपद्का घटना पछि विपद् प्रभावितहरूको उद्दार र राहतका लागि व्यक्ति, समूह वा संघ/संस्थाबाट विदेशस्थित नेपाली नियोग वा विभिन्न जिल्लामार्फत सङ्कलन भई निस्क्रिय अवस्थामा रहेको रकम सम्बन्धित निकायले यथाशीघ्र अनिवार्य रूपमा कोषमा जम्मा हुनेगरी स्थानान्तरण गर्नु पर्नेछ,

**५. <u>मूल नियमावलीमा नियम १५क. थपः</u>** मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५क. थपिएको छः-

"१५क. <u>साझेदारीमा अनुदान उपलब्ध गराउन सकिनेः</u> (१) विपद्बाट ठुलो सङ्ख्यामा निजी आवास क्षति भई प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्नुपर्ने अवस्थामा नेपाल सरकारले कोष, ऐनको दफा २३ बमोजिमका सम्बन्धित प्रदेश विपद् व्यवस्थापन कोष र स्थानीय विपद् व्यवस्थापन कोषबाट लागत साझेदारीमा अनुदान रकम उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम साझेदारीमा अनुदान उपलब्ध गराउँदा कोषबाट पचास प्रतिशत, प्रदेश विपद् व्यवस्थापन कोषबाट तिस प्रतिशत र स्थानीय विपद् व्यवस्थापन कोषबाट बीस प्रतिशत उपलब्ध गराउनु पर्नेछ।

तर, भुकम्पबाट क्षति भएका निजी आवासको प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापना गर्नुपर्ने अवस्थामा अनुदान वापतको सम्पूर्ण रकम कोषबाट उपलव्ध गराउनु पर्नेछ,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिमको रकम उपलब्ध गराउन कोषमा पर्याप्त रकम नरहेमा कोषमा नेपाल सरकारले, प्रदेश विपद् व्यवस्थापन कोषमा सम्बन्धित प्रदेश सरकारले र स्थानीय विपद् व्यवस्थापन कोषमा सम्बन्धित स्थानीय तहले रकम उपलब्ध गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहले सम्बन्धित कोषमा रकम उपलब्ध गराउन नसकेमा सोको पुष्ट्याईसहित अनुरोध भई आएमा कार्यकारी समितिको निर्णयअनुसार कोषबाट त्यस्तो रकम उपलब्ध गराइनेछ।

(५) यस नियमबमोजिम लाभग्राहीलाई अनुदान दिने प्रयोजनका लागि कोष र प्रदेश विपद् व्यवस्थापन कोषबाट व्यहोर्नुपर्ने लागत सहभागिताअनुसारको रकम जिल्ला विपद् व्यवस्थापन कोषमा उपलब्ध गराइनेछ।

(६) यस नियमबमोजिम सम्बन्धित लाभग्राहीलाई अनुदान रकम उपलब्ध गराउँदा स्थानीय विपद् व्यवस्थापन समितिबाट स्वीकृत लाभग्राहीको विवरण र स्थानीय विपद् व्यवस्थापन कोषबाट व्यहोर्नु पर्ने रकम सो कोषमा मौज्दात रहेको प्रमाणसहित स्थानीय विपद् व्यवस्थापन समितिबाट माग भई आएको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय विपद व्यवस्थापन कोषमा किस्ता मागअनुसारको रकम उपलब्ध गराउनेछ। सो रकम प्राप्त भएपश्चात स्थानीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने अनुदान रकम समेत समावेश गरी सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिले लाभग्राहीको खातामा अनुदान रकम भुक्तानी गर्नेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विपद् व्यवस्थापन कोष वा स्थानीय विपद् व्यवस्थापन कोषबाट लागत साझेदारीबमोजिमको अनुदान रकम जम्मा नभए तापनि निजी आवास प्रबलीकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्ने काममा कोषबाट व्यहोर्नु पर्ने रकमबाट त्यसरी दिइने अनुदान रकमको पहिलो किस्ता जिल्ला विपद् व्यवस्थापन समितिले स्थानीय विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराउन सक्नेछ।

(८) यस नियमबमोजिम कोष, प्रदेश विपद् व्यवस्थापन कोष तथा स्थानीय विपद् व्यवस्थापन कोषबाट दिइएको अनुदान सम्बन्धी विवरण तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिले जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।

(९) यस नियमबमोजिम अनुदान उपलब्ध गराइएका जिल्लाभरीका स्थानीय तहका लाभग्राहीको एकीकृत विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) यस नियमबमोजिम अनुदान उपलब्ध गराउने प्रयोजनको लागि विपद्बाट भएको क्षतिको आँकलन, लाभग्राही पहिचान, उपलब्ध गराइने अनुदान रकम, अनुदान उपलब्ध गराउने प्रक्रिया, अनुदान सम्झौताको ढाँचा, लाभग्राहीले पालना गर्नुपर्ने शर्त तथा अनुदानसम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था कार्यकारी समितिले निर्धारण गरेको कार्यविधिबमोजिम हुनेछ।"

६. **मूल नियमावलीमा नियम १७ थपः** मूल नियमावलीको नियम १६ पछि देहायको नियम १७ थपिएको छः

"१७. अनुसूची हेरफेर गर्न सक्ने (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकताअनुसार हेरफेर गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुसूची हेरफेर गर्दा नेपाल सरकार वा प्राधिकरणलाई थप आर्थिक दायित्व पर्ने विषय भएमा त्यसरी हेरफेर गर्नुअघि अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।"

७. **मूल नियमावलीमा अनुसूची थपः** मूल नियमावलीमा संलग्नबमोजिमका अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ थपिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-१
(नियम ५ख. को उपनियम (१) सँग सम्बन्धित)
कार्यकारी प्रमुखको पारिश्रमिक र अन्य सुविधा

| क्र.सं. | पारिश्रमिक तथा सुविधाको प्रकार | इकाइ | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना | रु. ७२,०८२।- |
| २ | सञ्चार खर्च (टेलिफोन) | प्रति महिना | रु. २,०००।- |
| ३ | इन्धन सुविधा | प्रति महिना | इन्धन-१२५ लिटर त्रैमासिक रुपमा मोबिल-५ लिटर |
| ४ | महङ्गी भत्ता | प्रति महिना | रु. २,०००।- |
| ५ | पोसाक भत्ता | वार्षिक | रु. १०,०००।- |
| ६ | चाडपर्व खर्च | वार्षिक | रु. ७२,०८२।- |
| ७ | दैनिक भ्रमण भत्ता (स्वदेश र विदेश) | प्रति दिन | (क) स्वदेशको लागि रु. २,५००।-<br>(ख) विदेशको लागि २२५ अमेरिकी डलर |
| ८ | यात्रा बिमा | पटके | प्रचलित कानून बमोजिम दश लाख रूपियाँ बराबरको प्रिमियर खर्च। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची-२

(नियम १०क. को उपनियम (१) सँग सम्बन्धित)

## प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति/जिल्ला विपद् व्यवस्थापन समिति/स्थानीय विपद् व्यवस्थापन समितिले कोषबाट रकम निकासा माग गर्ने फाराम

| विपद्को प्रकृति | सम्भावित जोखिम | जोखिमबाट हुन सक्ने/भएको क्षति तथा नोक्सानीको अनुमान | | | | विपद् व्यवस्थापन को लागि लाग्ने प्रारम्भिक/अनुमानित लागत | माग गर्ने निकायले गरेको स्रोत व्यवस्था रकम | | | विपद् व्यवस्थापन कोषबाट माग गरेको रकम | रकम माग गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक क्षति | मानवीय क्षति | भौतिक क्षति | नोक्सानी | | सम्बन्धित विपद् व्यवस्थापन कोषको रकम | अन्य स्रोत | जम्मा | | | |
| | | | | | | | | | | | | |

| तयार गर्ने: | पेश गर्ने: | स्वीकृत गर्ने: |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| मितिः | मितिः | मितिः |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# अनुसुची-३

(नियम  १०क. को उपनियम (२) सँग सम्बन्धित)

## प्रदेश /जिल्ला /स्थानीय विपद् व्यवस्थापन कोषमा रकम उपलब्ध गराउने फाराम

| विपद्को प्रकृति | रकम माग गर्ने समितिले स्रोत व्यवस्थापन गरेको रकम | | | विपद् व्यवस्थापन कोषबाट हाल निकासा माग गरेको रकम | विपद् व्यवस्थापन कोषबाट यस अघि निकासा भएको रकम | विपद् व्यवस्थापन कोषबाट हाल निकासा भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रदेश/ जिल्ला/ स्थानीय विपद् व्यवस्थापन कोषको रकम | अन्य स्रोत | जम्मा | | | | |
| | | | | | | | |

| | | |
|---|---|---|
| तयार गर्ने: | पेश गर्ने: | स्वीकृत गर्ने: |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नामः | नामः | नामः |
| मितिः | मितिः | मितिः ” |

**आज्ञाले,**
**एकनारायण अर्याल**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।